# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ४** **संख्या : ०१** **मिति : २०८२/०५/१८**

## भाग -२

## राजदेवी नगरपालिका

राजदेवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, राजदेवी,रौतहट

# विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०५/१८**

## प्रस्तावना

राजदेवी नगरपालिकाबाट विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान कार्यक्रम कार्यान्वयनमा एकरूपता, पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्व अभिवृद्धि गरी नगरपालिकाको लक्ष्य, उद्देश्य तथा रणनीतिको सफलताका लागि विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान कार्यक्रमको उत्पादनमूलक उपयोग गर्न, शुद्ध खानेपानी उपयोग गर्न लक्षित वर्ग सम्मको सहज पहुँच पुऱ्याउन तथा लाभग्राहीलाई जवाफदेही र उत्तरदायी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम" विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीका लागि ह्याण्ड पाइप जडान कार्यविधि, २०८२" रहेको छ।

२) यो स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क) **"प्रमुख"** भन्नाले राजदेवी नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

ख) **"कार्यपालिका"** भन्नाले राजदेवी नगर कार्यपालिका सम्झनु पर्छ।

ग) **"नगरपालिका"** भन्नाले राजदेवी नगरपालिका सम्झनु पर्छ।

घ) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठन गरिएको राजदेवी नगरपालिकाको लाभग्राही छनौट समिति सम्झनु पर्छ।

ङ) **"लाभग्राही"** भन्नाले राजदेवी नगरपालिकाको अनुदानमा भाग लिन योग्य व्यक्ति, फर्म, कम्पनी र समूहहरूलाई सम्झनुपर्छ।

च) **"सदस्य"** भन्नाले राजदेवी नगर कार्यपालिकाका सदस्यलाई सम्झनु पर्छ।

छ) **"मापदण्ड"** भन्नाले अनुदान प्राप्त गर्नका लागि तोकिएका शर्त पूरा गर्ने कागजात, प्रमाण वा स्थलगत अनुगमनबाट देखिने कृषक, कृषक समूह, कम्पनी वा फर्मको अवस्था सम्झनुपर्छ।

## परिच्छेद–२

## नगरपालिकाले विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान गर्ने

**३. विधुतीय मोटर तथा बोरिंग वितरण गर्ने :**

(१) नगरपालिकाले हरेक वर्ष नगरपालिकाको कार्यक्षेत्र भित्रका कृषक, उद्यमी, निजी फर्म, सहकारी, संघ/संस्था तथा व्यवसायीहरूको निमित्त विधुतीय मोटर तथा बोरिंग वितरण तथा खानेपानीकालागि ह्याण्ड पाइप जडान को व्यवस्था गर्न सक्नेछ ।

(२) यो अनुदान सशर्त तथा निशर्त प्रकृतिको हुन सक्नेछ ।

(३) हरेक वर्ष प्रदान गरिने अनुदानको बजेट नगरसभाबाट पारित भएको हुनुपर्नेछ।

## ४. विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान गर्ने सम्बन्धी अधिकार

(१)हरेक प्रकारका अनुदान कसलाई,कसरी र कति मात्रामा दिने भन्ने निर्णय गर्न अधिकार दफा ८ बमोजिमको लाभग्राही छनौट समितिमा निहित रहनेछ ।

(२) उपभोक्ता समिति मार्फत संचालन हुने अनुदान सँग सम्बन्धित कार्यक्रमहरुमा लाभग्राही छनौट सम्बन्धित तथा वडा अध्यक्षको सिफारिसका आधारमा हुनेछ ।

(३) उपदफा-१ मा जेसुकै भएतापनि वडास्तरीय योजनाका हकमा सम्बन्धित वडा समितिको निर्णय अनुसार हुनेछ ।

## ५. विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान गर्ने मापदण्डका सामान्य सिद्धान्तहरू

(१)विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडानका लागि नगरपालिकाका स्थानीय बासिन्दा हुनु पर्ने

(२) विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान नेपाली नागरिकलाई मात्र प्रदान गरिने

(३)विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडानका कृषि पेशामा लागेका लागि मात्र दिनुपर्ने

(४)विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडानका गर्दा सिचाईका अन्य वैकल्पिक उपाय नभएका क्षेत्रलाई प्राथमिकता गर्नुपर्ने

(५)विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान एउटै व्यक्तिलाई दोहोरो हुने गरी दिन नहुने

(६) लाभग्राही छनौट समितले निर्धारण गरेका अन्य मापदण्डहरु

## ६. लाभग्राही छनौटका प्रक्रियाः

(१) दफा ६ बमोजिम गठन भएको समितिले स्थलगत अवलोकन, समुदायसँगको अन्तरक्रिया, वडासँगको समन्वय, सिँचाइ सुविधाको उपलब्धताका आधारमा लाभग्राही छनौट गर्नुपर्नेछ ।

(२) लाभग्राही छनौट गर्दा दफा ५ बमोजिमको मापदण्डलाई आधार बनाउनु पर्नेछ ।

(३) लाभग्राही छनौट गर्दा समावेशी वितरणमा जोड दिनुपर्नेछ ।

७. विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडानका शर्तहरु

(१) विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान सम्बन्धित ब्यक्ति , कृषकले अन्य कृषकलाई समेत प्रयोग गर्न दिनुपर्छ र सो वापत कुनै किसिमको शुल्क लिन पाईदैन ।

(२) विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान प्राप्त गरि सके पछि बिक्री वितरण गर्न पाईदैन । यसो गरेको खण्डमा निज कृष्क/ ब्यक्तिले प्राप्त सामानको मूल्य वरावरको रकम नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

(३) विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान को मर्मत सम्भार अनुदान प्राप्त गर्ने व्यक्ति स्वम् ले गर्नुपर्छ ।

## परिच्छेद–३

## लाभग्राही छनौट समिति

**८. लाभग्राही छनौट समिति रहने :**

(१) नगरपालिका द्वारा प्रदान गरिने विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीका लागि ह्याण्ड पाइप जडान लाई वस्तुगत बनाउन देहाय बमोजिमको लाभग्राही छनौट समिति रहनेछ ।

क) नगर कार्यपालिकाको प्रमुखः **संयोजक**

ख) संयोजकले तोकेको नगरकार्यपालिकाको २ जना सदस्यः **सदस्य**

ग) प्राविधिक शाखा प्रमुखः **सदस्य**

ङ) योजना तथा अनुगमन शाखा प्रमुख — **सदस्य सचिव**

**९. समितिको काम, कर्तव्य र अधिकार**

(१) दफा ६ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) दफा ५ बमोजिमको मापदण्डका आधारमा लाभग्राही छनौट गर्ने

(ख) विधुतीय मोटर वितरण तथा बोरिंग जडान र खानेपानीकालागि ह्याण्ड पाइप जडान कार्यको अनुगमन गर्ने

(ग) यस सम्बन्धमा उठेका गुनासाहरुको सम्बोधन गर्ने

(घ) अभिलेख, विवरण, कागजात तथा निर्णयहरू सुरक्षित राख्ने वा राख्न लगाउने

(ङ) अन्य कार्यहरु

## परिच्छेद–४

## विविध

१०. बाधा अड्काउ फुकाउने :
यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले**,
**प्रलव कायस्थ**
**प्रमुख प्रशासकीय अधिकृत**